# मध्यपश्चिम विश्वविद्यालयद्धारा जारी शैक्षिक प्रमाणपत्र हराएको वा नष्ट भएको सम्बन्धमा गर्नुपर्ने आवश्यक प्रक्रिया

मध्यपश्चिम विश्वविद्यालयद्धारा जारी गरिएको प्रमाणपत्र (Original Certificate वा Provisional Certificate वा Transcript वा Migration) हराएको वा नष्ट भएको खण्डमा प्रतिलिपी लिन चाहने विधार्थीहरुले आवश्यक प्रक्रिया र कागजातहरु सहित आवेदन दिएमा मध्यपश्चिम विश्वविद्यालय परिक्षा व्यवस्थापन कार्यालयद्धारा प्रतिलिपी प्रमाणपत्र जारी गर्न सक्नेछ। विधार्थीले आवेदन दिदा निम्न अनुसारको कागजात र शुल्क जम्मा गरेको रसिद संलग्न गरि आवेदन दिनुपर्ने छ।

**Original Certificate/Transcript का लागि पेश गर्नुपर्ने आवश्यक कागजातहरु**

१. आवेदकको निवेदन - १ प्रति
२. Registration कार्डको फोटोकपी - १ प्रति
३. हराएको वा नष्ट भएको प्रमाणपत्रको फोटोकपी (भएमा) - १ प्रति
४. केन्द्रीय विभाग, क्याम्पस वा सम्बन्धित शैक्षिक सस्थाको सिफारिस : अध्ययन गरेको शिक्षण सस्थावाट भर्ना भएको र उतिर्ण भएको ब्यहोरा सहितको प्रतिलिपी उपलब्ध गराइदिने भन्ने सिफारिस पत्र - १ प्रति
५. वडा कार्यालयको प्रहरी सिफारिस पत्र : प्रमाणपत्र हराएको भनी खोजी कार्य गरिदिन सम्बन्धित प्रहरी कार्यालयमा निजले निवेदन दिने र सम्बन्धित प्रहरी कार्यालयले खोजी गरे पश्चात तोकिएको प्रमाणपत्र नभेट्टीएको भनि उल्लेख गरेको सक्कल पत्र - १ प्रति
६. पत्रिकामा प्रकासित गरिएको सुचना : प्रमाणपत्र हराएको र भेट्टाउनेले विश्वविद्यालय वा सम्बन्धित व्यक्तिलाई बुझाइदिनुहोला भन्ने व्यहोराको स्थानीय वा राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित गरेको ७ दिने सूचनाको सक्कल-१ प्रति

**Provisional Certificate / Migration Certificate का लागि पेश गनुपर्ने आवश्यक कागजातहरु**

१. आवेदकको निवेदन - १ प्रति
२. Registration कार्डको फोटोकपी - १ प्रति
३. हराएको वा नष्ट भएको प्रमाणपत्रको फोटोकपी (भएमा) - १ प्रति
४. केन्द्रीय विभाग, क्याम्पस वा सम्बन्धित शैक्षिक सस्थाको सिफारिस : अध्ययन गरेको शिक्षण सस्थावाट भर्ना भएको र उतिर्ण भएको ब्यहोरा सहितको प्रतिलिपी उपलब्ध गराइदिने भन्ने सिफारिस पत्र - १ प्रति

**प्राप्त आवेदनका सम्बन्धमा कार्यवाही**

१. निवेदन प्राप्त भएको एक हप्तामा प्रतिलिपी उपलब्ध गराउने छ।
२. हराएको वा नष्ट भएको कागजपत्रको प्रतिलिपी प्रमाणपत्रमा "Copy of Original" प्रमाणपत्रको माथिल्लो दाहिने पट्टि लेखिएको छाप हुनेछ।

**दस्तुर (शुल्क) सम्बन्धमा** : पहिलो पटक हराएको वा नष्ट भएको कागजपत्र को प्रमाणपत्र प्रतिलिपी लिन आवेदन दिने विधार्थीले दोब्बर दस्तुर र दोस्रो पटक आवेदन दिनेको हकमा तेब्बर दस्तुर तिरि भौचर उपलब्ध गनुपर्ने छ।

मध्यपश्चिम विश्वविद्यालय Mid-West University Estd. 2067 सुर्खेत, नेपाल Surkhet, Nepal परीक्षा व्यवस्थापन कार्यालय

२०६५/०८/०६

परीक्षा व्यवस्थापन प्रमुख